**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ८ गते बिहीबार ❑ 24 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरामा फ्लाई दुबईको पहिलो नियमित उडान, विमानलाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाई दुबईले पहिलोपटक नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडान सुरु गरेको छ। दुबईबाट आएको फ्लाई दुबईको बोइङ ७३७ म्याक्स-८ विमानलाई बुधबार साँझ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पानीको फोहोराले स्वागत गरिएको हो।



साँझ ६:१८ बजे ११३ जना यात्रु बोकेर पोखरा अवतरण गरेको उक्त विमानलाई विमानस्थलका अधिकारी, पोखरा महानगरपालिका, पर्यटन व्यवसायी तथा सरोकारवाला निकायका प्रतिनिधिले स्वागत गर्नु भएको छ। पोखराका मेयर धनराज आचार्य सहितको टिमले पोखरामा खादा तथा माला लगाउदै स्वागत गर्नु भएको हो।

पहिलो उडानपछि सोही विमानले १५२ जना यात्रु बोकेर साँझ ७:५४ बजे पोखराबाट दुबईका लागि प्रस्थान गरेको विमानस्थल कार्यालयले जनाएको छ। १ सय ६६ सिट क्षमताको बोइङ ७३७ म्याक्स-८ विमानबाट सञ्चालन हुने दुबई-पोखरा उडानको अनुमानित अवधि ४ घण्टा ३० मिनेट भए पनि पोखरा-दुबई उडानको अवधि करिब ४ घण्टा ५० मिनेट रहेको बताइन्छ। फ्लाई दुबईको नियमित उडान सुरु भएपछि पोखरा संयुक्त अरब इमिरेट्ससँग प्रत्यक्ष अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिएको छ। इमिरेट्स एयरलाइन्ससँगको कोडसेयर साझेदारीका कारण पोखराबाट दुबई हुँदै विश्वका विभिन्न गन्तव्यमा यात्रा गर्न थप सहज हुने अपेक्षा गरिएको छ।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले फ्लाई दुबईको नियमित उडान पोखरेलीका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनु भयो। यसअघि पोखराबाट अन्तर्राष्ट्रिय उडान मुख्यतः चार्टर्ड उडानमा सीमित रहेकामा अब अन्तर्राष्ट्रिय एयरलाइन्सले नियमित व्यावसायिक उडान सुरु गर्नु सकारात्मक भएको उहाँले बताउनु भयो।

"युरोप लगायतका गन्तव्यमा जाँदा पोखराबाट दुबई हुँदै जाने र नेपाल फर्किँदा पनि दुबईबाट पोखरा आउने वातावरण बनाउन सकियो भने यो उडान प्रभावकारी हुन्छ," पोखरेलले भन्नुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले फ्लाई दुबईको नियमित उडानले पोखरा क्षेत्रको आर्थिक गतिविधि र पर्यटनमा सकारात्मक प्रभाव पार्ने बताउनु भयो। उहाँका अनुसार प्रारम्भिक चरणमा उडानलाई व्यावसायिक रूपमा सफल बनाउन सबै क्षेत्रले यात्रु बढाउनेतर्फ ध्यान दिन आवश्यक छ। "कम्तीमा एक महिनासम्म उडानलाई व्यावसायिक रूपमा सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्छ। कम्तीमा ६० प्रतिशत सिट अकुपेन्सी कायम गर्न सकेमा कम्पनीलाई पोखरा रुटमा नियमित रूपमा उडान सञ्चालन गर्न थप प्रोत्साहन मिल्छ," मुल्मीले भन्नुभयो। वैदेशिक रोजगारीमा जाने श्रमिक, विद्यार्थी, पर्यटक तथा विदेशबाट फर्किने नेपालीलाई पोखराबाटै यात्रा गर्न प्रोत्साहित गर्नुपने' उहाँको भनाई छ। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले फ्लाई दुबईको उडानसँगै पोखरा दुबई हुँदै विश्वका विभिन्न गन्तव्यसँग जोडिने अवसर प्राप्त भएको बताउनु भयो। उहाँले उडानलाई नियमित र दीगो बनाउन पर्यटन व्यवसायी, सरकारी निकाय तथा निजी क्षेत्रबीच निरन्तर सहकार्य आवश्यक रहेको बताउनु भयो।

उडान सुरु भएसँगै पोखराका पर्यटन तथा व्यवसायीले यात्रु आकर्षित गर्न विभिन्न छुट तथा सुविधा घोषणा गरेका छन्। होटल संघ पोखराले पहिलो उडानका यात्रुलाई एक रात निःशुल्क आवास तथा बिहानको खाजा उपलब्ध गराउने र बोर्डिङ पास भएका यात्रुलाई ३० प्रतिशतसम्म छुट दिने जनाएको छ। रेबान पोखराले १५ देखि २० प्रतिशतसम्म तथा लेखनाथ होटल तथा रेस्टुरेन्ट एसोसिएसनले २५ प्रतिशतसम्म छुट दिने घोषणा गरेका छन्।

पोखरा र दुबईबीचको नियमित उडानले काठमाडौं पुगेर मात्र अन्तर्राष्ट्रिय यात्रा गर्नुपर्ने बाध्यता कम गर्ने अपेक्षा गरिएको छ। विशेषगरी पोखरा, गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका वैदेशिक रोजगारीमा जाने श्रमिक, विद्यार्थी, पर्यटक र गैरआवासीय नेपालीलाई यसबाट प्रत्यक्ष सुविधा पुग्ने व्यवसायीहरूको विश्वास छ। काठमाडौंको तुलनामा पोखराबाट केही प्रमुख अन्तर्राष्ट्रिय गन्तव्यमा हवाई भाडा करिब पाँच हजार रुपैयाँसम्म सस्तो पर्न सक्ने बताइएको छ। यसले पोखराबाट अन्तर्राष्ट्रिय यात्रा गर्ने यात्रुको संख्या बढाउन सक्ने अपेक्षा गरिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल २०७९ पुस १७ गते अर्थात् १ जनवरी २०२३ मा औपचारिक रूपमा सञ्चालनमा आएको थियो। उद्धाटन पछि २०८० असार ६ गते चीनको छेन्दुबाट सिचुआन एयरलाइन्सको ए-३१९ विमान १३० यात्रुसहित पोखरा अवतरण गरेसँगै विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय उडान भएको थियो। त्यसयता चीन, भुटान लगायतका गन्तव्यमा चार्टर्ड तथा केही नियमित उडान हुँदै आएका छन्।

चिनियाँ एक्जिम बैंकको ऋण सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानको निरन्तरता र व्यावसायिक सम्भावना भने प्रमुख चुनौतीका रूपमा रहेको छ। त्यसैले फ्लाई दुबईको उडानलाई दीगो बनाउन प्रारम्भिक चरणमै पर्याप्त यात्रु सुनिश्चित गर्नु महत्वपूर्ण देखिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले नियमित अन्तर्राष्ट्रिय उडानका लागि विमानस्थलका आवश्यक सेवा, पूर्वाधार तथा सुरक्षा व्यवस्था चुस्त राखिएको बताउनु भयो। पहिलो उडानबाट आएको विमानलाई विमानस्थलमा पानीको फोहोराले स्वागत गरिएको उहाँले जनाउनु भयो।

विमानस्थलका प्रमुख अध्यागमन अधिकृत हरिबहादुर भुजेलले पहिलो अन्तराष्ट्रिय हवाई उडान मार्फत आएका यात्रु तथा सामान जाँचलगायत सुरक्षा व्यवस्थालाई थप व्यवस्थित बनाइएको बताउनु भयो। अन्ताष्ट्रिय विमानस्थलमा हुने मापदण्डका आधारमा सुरक्षा र अन्य सेवा पोखरा अन्तराष्ट्रिय विमानस्थलमा रहेको उहाँले जनाउनु भयो। फ्लाई दुबईको पहिलो नियमित उडानसँगै पोखराले लामो समयदेखि प्रतीक्षा गरेको अन्तर्राष्ट्रिय नियमित हवाई सम्पर्कको नयाँ ढोका खुलेको पोखरा पर्यटन परिषदका अध्यक्ष हरि भुजेलले बताउनु भयो। अब यो उडानलाई निरन्तरता दिन पर्याप्त यात्रु, पर्यटन प्रवर्द्धन र व्यावसायिक वातावरण निर्माण गर्न सरकारी निकाय, पर्यटन व्यवसायी, निजी क्षेत्र तथा आम यात्रुको भूमिका महत्वपूर्ण हुने उहाँले बताउनु भयो।

## क्षमता र योग्यताको प्रतिस्पर्धा हुनुपर्नेमा महामन्त्री आचार्यको जोड

**पोखरापत्र संवाददाता**
दमौली, ७ असोज



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री विपिन आचार्यले पार्टीभित्र नयाँ र पुरानो बीचको प्रतिस्पर्धाभन्दा क्षमता र योग्यताका आधारमा प्रतिस्पर्धा हुनुपर्ने बताउनुभएको छ।

रास्वपा तनहुँले बुधबार आयोजना गरेको विस्तारित बैठकलाई सम्बोधन गर्दै महामन्त्री आचार्यले पार्टीमा नयाँ र पुरानो भन्ने आधारमा विभाजन गर्न नहुने बताउनुभयो। "नयाँ-पुरानो भन्ने कुरा रास्वपामा हुँदैन। तनहुँले पनि यही मर्मलाई अगाडि बढाओस्," उहाँले भन्नुभयो, "तनहुँको पार्टी संरचनामा नयाँ र पुरानोबीच प्रतिस्पर्धाभन्दा पनि को अब्बल छ भन्ने कुराको प्रतिस्पर्धा होस्।" उहाँले पार्टीभित्र व्यक्तिको क्षमता, योग्यता र योगदानका आधारमा अवसर तथा जिम्मेवारी निर्धारण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। "कसमा क्षमता बढी छ भन्ने कुरामा प्रतिस्पर्धा होस्," महामन्त्री आचार्यले भन्नुभयो। बैठकमा जिल्लाको पार्टी सङ्गठन, आगामी कार्यदिशा तथा सङ्गठन सुदृढीकरणलगायत विषयमा छलफल भएको रास्वपा तनहुँका सभापति विश्वनाथ बास्तोलाले जानकारी दिनुभयो।

## बीस दिनमा दुई अर्ब ५४ करोड ९३ लाख राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ असोज

मुस्ताङ भन्सार कार्यालयले २० दिनमा रु दुई अर्ब ५४ करोड ९३ लाख राजस्व सङ्कलन गरेको छ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण रसुवागढी-केरुङ नाका पूर्ण रुपमा बन्द भएपछि नेपाल-चीन उत्तरी कोरलानाका हुँदै पैठारी गरिएका मालवस्तुबापत २० दिनमा उक्त राजस्व जम्मा भएको हो। रसुवाको भोटेकोशी बाढीपछि अधिकांश मालवस्तु कन्टेनर तथा विद्युतीय सवारी (इभी) गाडी र कन्टेनर रसुवागढी–केरुङ नाकाबाट रुट परिवर्तन भई कोरलानाका हुँदै नेपाल भित्रिएका हुन्। कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार भदौ १० गतेपछि कोरलानाकाबाट भित्रिएका ५६४ कन्टेनर र एक हजार ९० विद्युतीय सवारी (इभी) गाडीको भन्सार जाँचपास भएको जानकारी दिनुभयो। केरुङनाकाबाट रुट परिवर्तन भएका र कोरलानाकाबाट नियमित पैठारी हुने मालवस्तुबाट अहिलेसम्मकै छोटो समयमा धेरै राजस्व जम्मा भएको भन्सार प्रमुख चुडालले बताउनुभयो।

नेपाल-चीनतर्फका प्रमुख व्यापारी नाका रसुवागढी र तातोपानी नाका पूर्ण रुपमा बन्द अवस्थामा छ। यस्तो अवस्थामा चीनबाट पैठारी गरिने एकमात्रै वैकल्पिक मार्गका रुपमा कोरलानाका बनेको छ। रसुवागढी नाका पूर्ण रुपमा बन्द नहुँदै भदौ १० गते अघि चालु वर्षको साउन र भदौको ९ गतेसम्म मुस्ताङ भन्सार कार्यालयबाट जम्मा रु ५३ लाख मात्रै राजस्व सङ्कलन भएको थियो। यस अवधिको चालीस दिनमा कोरलानाकाबाट भित्रिएका १६३ वटा विद्युतीय सवारी (इभी)


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## साल्ट ट्रेडिङद्वारा पोखरामा सुपथ मूल्य पसल सञ्चालन, उपभोक्तालाई राहत


**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

सरकारले दसैं, तिहारलगायत चाडपर्वलाई लक्षितगरी उपभोक्तालाई सहुलियतमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले पोखरामा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ।



साल्ट ट्रेडिङ कर्पोरेसन गण्डकी प्रदेश कार्यालयले यही असोज १ गतेदेखि पोखराको पृथ्वीचोकस्थित कार्यालय परिसरमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो। पसलबाट बजार मूल्यभन्दा सहुलियत दरमा चिनी, नुन, तेल, चामललगायत खाद्य सामग्री बिक्री भइरहेको कार्यालय प्रमुख सागर शेरचनले जानकारी दिनुभयो। उहाँका अनुसार सुपथ मूल्य पसल आगामी कात्तिक मसान्तसम्म सञ्चालन हुनेछ। " सरकारको नीतिअनुसार दसैं, तिहार र छठ पर्वलाई लक्षित गरेर पसल सञ्चालनमा ल्याएका हौं। यो पसल दुई महिनासम्म सञ्चालन हुनेछ। बजार मूल्यभन्दा सस्तोमा सामग्री उपलब्ध गराएका छौं", उहाँले भन्नुभयो। सुपथ मूल्य पसलमा चिनी प्रतिकेजी रु एक सयमा उपलब्ध गराइएको छ। एक जना उपभोक्ताले अधिकतम छ केजीसम्म चिनी खरिद गर्न पाउने व्यवस्था गरिएको छ। बजारमा चिनी प्रतिकेजी रु १४० मा बिक्री भइरहेको अवस्थामा सुपथ मूल्य पसलबाट खरिद गर्दा उपभोक्ताले प्रतिकेजी रु ४० सहुलियत पाउने साल्ट ट्रेडिङले जनाएको छ।

पोखरा-१७ बिरौटाकी सचिना रानाभाटले अन्य पसलको तुलनामा साल्ट ट्रेडिङमा सस्तोमा खाद्य सामग्री खरिद गर्न पाएको बताउनुभयो। विशेषगरी चिनीमा उल्लेख्य सहुलियत पाएको उहाँको भनाइ छ। "यस्तो महँगीको बेला सस्तोमा सामान किन्न पाउँदा धेरै खुसी लागेको छ। अरुभन्दा चिनी यहाँ धेरै नै सस्तो रहेछ", उहाँले भन्नुभयो। गण्डकी प्रदेशमा साल्ट ट्रेडिङ कर्पोरेसनका पोखरा र बागलुङमा कार्यालय छन्। दुवै कार्यालयबाट उपभोक्ताले सुपथ मूल्यमा दैनिक उपभोग्य सामग्री खरिद गर्न सक्ने जनाइएको छ। साल्ट ट्रेडिङले हरेक वर्ष चाडपर्वका समयमा सुपथ मुल्यका पसल सञ्चालन गरेर सहुलियतमा नागरिकलाई खाद्य सामग्री बिक्री गर्दै आएको छ।

# सहज आपूर्ति व्यवस्थापन, मिसावट र महँगी नियन्त्रणमा उपभोक्ता मञ्चको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज



उपभोक्ता मञ्च गण्डकी प्रदेशको आयोजनामा सहज आपूर्ति व्यवस्थापन, मिसावट र महँगी नियन्त्रणबारे अन्तरक्रियात्मक सचेतना कार्यक्रम गरिएको छ।

गण्डकी प्रदेश सरकारको सहकार्यमा पोखरामा आयोजित कार्यक्रमका वक्ताले सहज आपूर्ति व्यवस्थापनसहित मिसावट र महँगी नियन्त्रणमा सरोकारवाला सबै सचेत हुनुपर्नेमा जोड दिए।

प्रदेशका प्रमुख सचिव भूपाल बरालले उपभोक्ता मञ्चले सही समयमा, सही कार्यक्रम गरेको भन्दै प्रशंसा गरे । उनले सहज आपूर्ति व्यवस्थापन, मिसावट र मूल्य नियन्त्रण सम्बन्धमा सरकार सहकार्य गर्न तयार रहेको उल्लेख गरे। कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले सबैले आ-आफ्नो ड्यूटी पूरा गरेमा यसको न्यूनीकरण हुन सक्ने बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, उद्योग तथा पर्यटन मन्त्रालय महाशाखा प्रमुख महराज ढकाल, नेपाल उद्योग वाणिज्य संघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष सञ्जीवबहादुर कोइराला, राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले कार्यक्रमको विषयसँग सम्बन्धित रहेर कार्यपत्र प्रस्तुत गरेका थिए । उपभोक्ता मञ्च गण्डकी प्रदेश अध्यक्ष कपिलनाथ कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेल, नेपाल उद्योग वाणिज्य संघ गण्डकीका कार्यवाहक अध्यक्ष सूर्यबहादुर भुजेल, पोखरा उद्योग वाणिज्य संघ अध्यक्ष शोभा गौतम, लेखनाथ उद्योग वाणिज्य संघ जानुका अधिकारी, संघका वरिष्ठ उपाध्यक्ष विक्रम कर्माचार्य, मञ्चका उपाध्यक्ष अधिवक्ता राजुराज अधिकारी, जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी वीरेन्द्रकुमार पासवानलगायतले बोलेका थिए । कार्यक्रमको निचोड मुख्यमन्त्रीसमक्ष पेस गरिने आयोजकले जनाएको छ।

आयोजक उपभोक्ता मञ्च गण्डकीका अध्यक्ष कपिलनाथ कोइरालाले भने, 'उपभोक्ता भनेका बजारका खेलाडी हुन्, सरकार निकाय रेफ्री हुन्। खेलाडीले नियमपूर्वक सही खेल खेलेमा रेफ्रीको आवश्यकता नै पर्दैन ।' यसरी आफ्नो कर्तव्यप्रतिको दायित्व पूरा भएमा कुनै कानुन नचाहिने उनको तर्क छ । कार्यक्रममा उपाध्यक्ष रमेश पौडेलले स्वागत मन्तव्य र सचिव अधिवक्ता गीता आचार्यले संचालन गरेका थिए। सो अवसरमा पोखरास्थित विभिन्न सरकारी निकायका प्रतिनिधि, व्यवसायी, उपभोक्ता एवं संचारकर्मीको सहभागिता थियो।

# गन्तव्य गाउँ सिफारिस दगाममा घरबास प्रवर्द्धन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज




तनहुँको शुक्लागण्डकी-२, दगाम गाउँको चिनारी दृश्यावलोकनमा मात्र सीमित छैन यहाँको मगर समुदायको मौलिक जीवनशैली, खानपान र आतिथ्यले जोकोहीको मनै लोभ्याउँछ । दमागलाई गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशले गन्तव्य गाउँको रुपमा सिफारिस गरेसँगै यसको चर्चा झनै चुलिएको छ।

भिटोफले बर्सेनि तीनवटा गाउँलाई गन्तव्य गाउँका रूपमा सिफारिस गर्ने गरेकोमा यसपालि दगाम सूचीमा परेको हो । 'हरेक गाउँ पर्यटकीय ठाउँ' भन्ने नाराका साथ गाउँलाई पर्यटनसँग जोड्ने अभियानमा आफूहरू लागिपरेको भिटोफका अध्यक्ष रमेश अर्यालले बताए । अन्नपूर्ण हिमालको पदयात्राको प्रवेशद्वार तथा पहाडैपहाडका गाउँ भएकाले गण्डकी प्रदेशमा गाउँ पर्यटनको सम्भावना धेरै रहेको उनले बताए। गण्डकीबाट विगतमा गन्तव्य गाउँका लागि सिफारिस भएका गाउँमध्ये अधिकांशमा गुरुङ समुदायको बस्ती रहेको गाउँको बाहुल्यता थियो । तर यहाँका २३ घरमध्ये २० घर मगर र तीन घर मात्र गुरुङ समुदायको रहेको छ। गाउँको विशेषता मगर समुदायको मौलिक भेषभूषा, नाचगान, संस्कृति आदि हुन् । २०६५ सालमा सिरुबारी गाउँ अवलोकन गरेपछि गाउँलेहरू मिलेरै दगाम सामुदायिक होमस्टे सुरु गरेका थिए। होमस्टे संयोजक नन्द थापाले पोखरासहित भैरहवा, बुटवल, नारायणगढ तथा काठमाडौंबाट समेत पाहुना आउन थालेको बताए। चारैतिर खुलेको डाँडाबाट दृश्यावलोकन गर्न सकिने तथा एउटै स्थानबाट धौलागिरि हिमालका विभिन्न चुचुरादेखि गणेश हिमालसम्म देख्न सकिने भएकाले दगाम पर्यटकको रोजाइमा पर्न थालेको बताए। पाहुनालाई कोदो, मकै, पिँडालु, सिस्नुलगायत स्थानीय उत्पादनबाट तयार पारिएका परिकारसँगै गाउँमै उत्पादित मह खुवाउने गरिएको उनले बताए । आन्तरिक पर्यटक मुना कोइरालाले उत्तरमा मनोरम हिमश्रृंखला, डाँडाकाँडा र प्राकृतिक दृश्यले आकर्षित गरेको र स्थानीय अर्गानिक उत्पादनबाट तयार परिकार खुवाउने शैलीले नयाँ अनुभव दिएको बताइन् । स्थानीय सांस्कृतिक नृत्य साथै समुदायको संस्कृतिलाई नजिकबाट बुझ्ने अवसरसमेत पाएको बताइन्।

शुक्लागण्डकीका मेयर कृष्णराज पण्डितले दगाम होमस्टेलाई नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतामा राखेर विकास गरिरहेको जानकारी दिए। सरसफाइ, सुरक्षा, इन्टरनेटलगायत आवश्यक सुविधा विस्तार गर्नुका साथै पर्यटनसम्बन्धी निकाय र पोखरा महानगरपालिकासँग सहकार्य गरेर पोखराबाट पर्यटक ल्याउने प्रयास भइरहेको उनले बताए। यसैबीच, भिटोफ गण्डकीले दगाममा असोज ५ र ६ गते घरबास प्रवर्द्धन कार्यक्रम गरेको छ। ४७ औं विश्व पर्यटन दिवस अवसरमा डिजिटल एजेण्डा र कृत्रिम बुद्धिमतामार्फत पर्यटनको नयाँ स्वरुप निर्माण नाराका साथ दगाम सामुदायिक होम स्टेको स्थानीय आयोजनामा उक्त कार्यक्रम भएको हो । कार्यक्रममा भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका शाखा अधिकृत रामहरि ढुंगाना, पोखरा महानगरपालिका आर्थिक महाशाखा प्रमुख मनहर कडरिया, भिटोफ गण्डकीका सल्लाहकार टिकाराम सापकोटा र पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरेराम अधिकारीले विश्व पर्यटन दिवसको महत्त्व र ग्रामीण पर्यटनले स्थानीय अर्थतन्त्रमा पुऱ्याउने योगदानबारे धारणा राखेका थिए। हाइकर्स क्लब नेपाल, नेपाल पर्यटन बोर्ड, नेपाल पंछि समाज, टुर एण्ड ट्राभल्स एसोसिएसन, पोखरा महानगरपालिका आर्थिक महाशाखा र पोखरा व्यवसाय प्रवर्द्धन केन्द्रलगायतका संघसंस्थाका प्रतिनिधिले सहभागी थिए। भिटोफ गण्डकीका प्रथम उपाध्यक्ष विश्वराज अधिकारीले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रम सचिव विशाल पौडेलले सञ्चालन गरेका थिए।

# पालिकाहरुको पुनरावलोकन सम्बन्धमा गठित कास्की जिल्ला स्तरिय अध्ययन समितिको अन्नपूर्ण गाउँपालिकामा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज



गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको अन्नपूर्ण गाउँपालिकामा छलफल कार्यक्रम सम्पन्न भएको छ।

वडाको सिमाना हेरफेर सम्बन्धमा अन्नपूर्ण गाउँपालिकाबाट प्राप्त प्रस्ताब उपर छलफल गर्न उक्त अन्तरक्रीया कार्यक्रम आयोजना गरिएको जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो । प्रमुख पौडेलले नेपाल सरकार मन्त्री परिषदको निर्णय मुताबिक भुमी ब्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनको मिति २०८३ असार चार गते राजपत्रमा प्रकाशित सूचना बमोजिम पुनरावलोकन सम्बन्धि मापदण्ड अनुसार समितिले कार्य गरिरहेको पौडेलले उल्लेख गर्नुभयो।

निर्धारित मापदण्ड अनुसार पालिकाको संख्या र सिमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (३) को उपदफा दुई बमोजिम जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्बाधार बिकासको अबस्था आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, साँस्कृतिक तथा सामुदायिक बनौटलाइ प्रमुख आधार बनाउनुपर्ने उल्लेख छ।

त्यस्तै वडाको संख्या, सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एक आपसमा गाभिने प्रस्ताव गर्दा सो ऐनको दफा (५ )को उपदफा(३)बमोजिम जनसंख्या बितरणको अबस्था, भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिस्टता, भाषिक, सांस्कृतिक, तथा सामाजिक विशिष्टता, सेवा सुबिधा बितरणको अबस्था र बिद्यमान भौतिक पूर्बाधार लाई मुख्य आधार बनाउनुपर्ने उल्लेख छ । मापदण्ड बमोजिम सिमाना हेरफेर गर्न सम्बन्धित पालिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्नुपने उल्लेख छ। प्राप्त सुझाव र निर्णय मुताबिक केन्द्र र सिमाना नेपाल सरकारले निर्धारण गर्ने उल्लेख छ। मापदण्डमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ३,५,६,७,८ बमोजिम पुनरावलोकन हुन सक्ने उल्लेख छ। सो मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको थियो । समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, नापी कार्यालयका प्रमुख, भुमी प्रशासन कार्यालयका प्रमुख, सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत रहने ब्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ । छलफलमा अन्नपूर्ण गाउँपालिका अध्यक्ष बिष्णु बहादुर के सि, उपाध्यक्ष चन्द्रकला पौडेलले प्रस्तावित सिमाङ्कनका सम्बन्धमा चर्चा गर्नुभएको थियो । निर्धारित मापदण्ड र कार्यका बारेमा समितिका सदस्य सचिब समेत रहनुभएका जिल्ला समन्वय अधिकारी नवराज बरालले प्रकाश पार्नुभएको थियो । समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो। बैठकमा सो पालिकाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू र स्थानिय सरोकारवालाहरूको सहभागिता रहेको थियो।

## बीस दिनमा ...

गाडी र १३३ वटा मालवस्तु कन्टेनरको मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास भएको थियो । मुस्ताङ भन्सारका अनुसार चालु वर्षको साउन र भदौ महिनामा गरी रु तीन अर्ब सात करोड ९३ लाख राजस्व सङ्कलन भएको छ। प्रमुख चुडालले पहिलो साउन महिनामा रु २६ करोड ३९ लाख राजस्व मुस्ताङ भन्सार कार्यालयमा सङ्कलन भएको मा दोस्रो भदौ महिनामा रु दुई अर्ब ८१ करोड ५४ लाख राजस्व सङ्कलन भएको हो। मुस्ताङ भन्सारका अनुसार चालु वर्षको पहिलो साउन महिनामा सय वटा विद्युतीय सवारी (इभी) गाडी (लिजी-न्हेचुङ) कोरलानाका हुँदै नेपाल भित्रिदा रु १७ करोड ३४ लाख राजस्व सङ्कलन भएको थियो। यसैगरी चालु वर्षको भदौ महिनामा एक हजार २५३ वटा विद्युतीय सवारीसाधन (इभी) गाडी नेपाल भित्रिदा रु एक अर्ब ९३ करोड ९७ लाख राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुडालले बताउनुभयो । यस्तै चालु वर्षको साउनमा ५७ र भदौ महिनामा ६९७ वटा मालवस्तु कन्टेनर कोरलानाका हुँदै नेपाल भित्रिएका थिए। मुस्ताङ भन्सार कार्यालयले गत आव २०८२/०८३ को बाह्र महिनामा रु छ अर्ब ९२ करोड राजस्व जम्मा गरेको थियो । त्यस वर्ष कोरलानाकाबाट तीन हजार २२३ वटा विद्युतीय सवारीसाधन (इभी) गाडी नेपाल भित्रिएका थिए।


सत्यमेव जयते

# Embassy of India
# Pension Paying Office
# Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2026-2027**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EOI, PPO Pokhara :-
   **1.1. Repair / renovation of Security Guard Room & Post at main gate of Embassy of India, Pension Paying Office, Pokhara.**
2. The last date of receipt of offer in sealed envelope (EMD, Technical Bid and Financial Bid) separately on or before 15 Oct 2026 up to 1500 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 / 061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**



**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**

# मातृशिशु मितेरी प्रादेशिक अस्पताल

**पोखरा, कास्की, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०८ गते**

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्कीमा चालु आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्मको लागि सेवा करारमा निम्न पदहरु पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त दिने अन्तिम मिति : वि.स. २०८३/०६/२२ गते कार्यालय समयभित्र आवेदन आव्हान गरिएको छ ।

**तपसिल**

| सि.न. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | नियुक्ति हुने प्रकार |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८३-८४ | स्टाफ नर्स | पाचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उतीर्ण | २ (दुई) | कार्यक्रम करार |
| २ | ०२/०८३-८४ | प्रशासन सहायक | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा प्लस टु उत्तीर्ण | १ (एक) | अ. व्य. समिति करार |

**नोट :**

१. **दरखास्त फारमः** गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको वेभसाईट moh.gandaki.gov.np/ डाउनलोड वा यस अस्पतालको वेभसाईट mmph.gandaki.gov.np/ डाउनलोडबाट फारम डाउनलोड गरी भरेर फाइलमा दरखास्त फारमसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की, पोखरा बाटुलेचौरमा पेश गर्नुपर्नेछ।

२. **अवधिः** चालु आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्म मात्र।

३. **अन्य विस्तृत जानकारीको लागिः** यस अस्पतालको सूचना पाटि वा वेभसाईट mmph.gandaki.gov.np मा हेर्न हुन अनुरोध छ।

**संयोजक**
**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# पोखराबाट अन्तर्राष्ट्रिय उडान नियमित बनाउन लागौं

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा फ्लाई दुबईको पहिलो नियमित व्यावसायिक अन्तर्राष्ट्रिय उडान बुधबार साँझ ६:१८ मा अवतरण गरेको छ । फ्लाई दुबईको १ सय ६६ सिट क्षमताको बोइङ ७३७ म्याक्स-८ विमान दुबईबाट पोखरा आइपुगेसँगै पोखराबाट नियमित अन्तर्राष्ट्रिय हवाई सम्पर्कको नयाँ अध्याय सुरु भएको छ। दुबई अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको विमान करिब ४ घण्टा ३० मिनेटपछि साँझ पोखरा अवतरण गरेको हो । विमान पोखरा आएपछि विमानस्थलमा पानीको फोहरासहित परम्परागत रूपमा स्वागत गरिएको थियो। उडानमा १ सय १३ यात्रु आएका छन् भने फर्किंदा १ सय ५३ जना लिएर साँझ ७:१५ मा फर्किएको छ। हिलो उडानबाट पोखरा आएका यात्रुलाई पोखरा पर्यटन परिषद्को अगुवामा खादा, माला तथा उपहारसहित स्वागत गरिएको छ। दुबई जानेलाई बिदाइ गरिएको छ।

फ्लाई दुबईको पोखरा उडान सुरु भएसँगै अब पोखराबाट दुबईका लागि दैनिक नियमित उडान हुनेछ। विमान पोखराबाट यात्रु लिएर त्यही राति दुबई फर्किनेछ। पोखराबाट सुरु भएको पहिलो नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडानले पोखराको पर्यटन र अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तारमा नयाँ सुरुआत भएको छ । 'हामी लामो समयदेखि पोखराबाट सुरु हुने पहिलो नियमित अन्तर्राष्ट्रिय उडानको प्रतीक्षा थियो। अब हरेक दिन पोखरा-दुबई उडान हुनेछ । फ्लाई दुबईको पोखरा उडान सुरु भएपछि स्थानीय पर्यटन व्यवसायीले यात्रुलाई लक्षित गर्दै विभिन्न छुट तथा सुविधा पनि घोषणा गरेका छन् । होटल संघ पोखराले पहिलो उडानमार्फत दुबईबाट आउने यात्रुलाई एक रातको बास र भोलिपल्ट बिहानको खाजा निःशुल्क दिने घोषणा गरेको छ। बोर्डिङ पास देखाउने यात्रुलाई होटलमा ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ। त्यस्तै, रेस्टुरेन्ट एन्ड बार एसोसियसन (रेबान), पोखराले बोर्डिङ पास भएका यात्रुलाई १५ देखि २० प्रतिशतसम्म छुट दिने जनाएको छ। लेखनाथ होटल तथा रेस्टुरेन्ट एसोसियसनले फ्लाई दुबईका यात्रुलाई २५ प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ। ट्रेकिङ, ट्राभल तथा पर्यटन यातायात व्यवसायीले पनि विभिन्न छुट तथा प्याकेज सार्वजनिक गरेका छन् ।

फ्लाई दुबईको पोखरा उडान दुबई अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल-३ बाट सञ्चालन हुनेछ । यो उडान इमिरेट्स एयरलाइन्ससँगको कोडसेयर साझेदारीअन्तर्गत सञ्चालन हुने भएकाले पोखराबाट दुबई हुँदै विश्वका २ सय ५० भन्दा बढी सहरसम्म पुग्न सकिनेछ। कोडसेयर सुविधाका कारण यात्रुले एउटै टिकटमार्फत यात्रा गर्न, लगेज गन्तव्यसम्म पठाउन तथा फ्लाई दुबई र इमिरेट्सको अन्तर्राष्ट्रिय सञ्जाल प्रयोग गर्न सक्नेछन् । फ्लाई दुबईको आफ्नै १ सय २० भन्दा बढी गन्तव्यमा उडान छ भने इमिरेट्ससँगको साझेदारी र अन्य एयरलाइन्ससँगको इन्टरलाइन सम्झौताले पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा पुग्ने विकल्प थप फराकिलो बनाएको छ । फ्लाई दुबईका नेपालस्थित जेनेरल म्यानेजर नवराज शाहीका अनुसार पोखराबाट हुने उडानको भाडा काठमाडौंको तुलनामा प्रमुख गन्तव्यमा औसतमा सस्तो राखिएको छ। उनका अनुसार सेक्टरअनुसार भाडा फरक भए पनि प्रमुख गन्तव्यमा पोखराबाट चारदेखि पाँच हजार रुपैयाँसम्म र कतिपय अवस्थामा औसत तीनदेखि सात हजार रुपैयाँसम्म सस्तो पर्नेछ। पोखराबाट सुरु भएको उडान नियमित भएकाले यात्रु संख्या कम भएको अवस्थामा पनि उडान रद्द नगर्ने कम्पनीको नीति रहेको छ।

फ्लाई दुबईले नेपालमा सन् २००९ देखि सेवा दिँदै आएको छ । कम्पनीका अनुसार हालसम्म नेपालतर्फबाट करिब ४० लाख यात्रुलाई सेवा दिइसकेको छ। पोखरा-दुबई नियमित उडानले पर्यटकसँगै खाडी मुलुकमा कार्यरत नेपाली श्रमिक, विदेश अध्ययनका लागि जाने विद्यार्थी, व्यवसायी, विदेश भ्रमणमा जाने नेपाली तथा युरोप, अमेरिका र अस्ट्रेलियामा बस्ने गैरआवासीय नेपालीलाई पनि प्रत्यक्ष लाभ पुग्ने पर्यटन व्यवसायीको अपेक्षा पोखराबाटै अन्तर्राष्ट्रिय उडान हुने भएपछि काठमाडौं पुगेर पुनः अन्तर्राष्ट्रिय उडान लिनुपर्ने बाध्यता कम हुनेछ। पोखराबाट दुबई जाने यात्रुको प्रवाह बढाउन भिसा प्रक्रिया सहज बनाउनुपर्नेछ। पछिल्लो समय यूएईको भिसा प्रक्रियामा कडाइ हुँदा नेपाली यात्रुका लागि थप कागजी प्रक्रियाले झण्झट नहोस भन्नेमा ध्यान दिनुपर्नेछ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि चीन, भारत र भुटानलगायतबाट विभिन्न चार्टर्ड तथा विशेष उडान हुँदै आए पनि फ्लाई दुबईले पहिलोपटक पोखराबाट दैनिक नियमित व्यावसायिक अन्तर्राष्ट्रिय उडान सुरु गरेको छ । विमानस्थलमा यसअघि हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडानसमेत सञ्चालन गरेको थियो । यात्रु अभाव भएपछि उक्त उडान बन्द भएको थियो।

अब फ्लाई दुबईको नियमित उडानसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय हवाई सम्पर्कले निरन्तरता पाउने अपेक्षा गरिएको छ। पोखरा विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुनु पर्यटनका साथै रोजगारी, शिक्षा, व्यापार र वैदेशिक यात्राका लागि पनि महत्त्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको छ । फ्लाई दुबईको पहिलो उडान पोखरा आइपुगेको दिनसँगै लामो समयदेखि पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा रहेका पर्यटन व्यवसायी, निजी क्षेत्र र स्थानीयवासीको एउटा प्रमुख अपेक्षा पूरा भएको छ । अब यो उडानलाई नियमित राख्दै यात्रुको संख्या बढाउने र पोखरालाई थप अन्तर्राष्ट्रिय गन्तव्यसँग जोड्ने चुनौती सरोकारवालासामु छ । गण्डकी प्रदेश सरकार र संघीय सरकारले नियमित संचालन हुने वातावरण बनाउन प्राथमिकता दिनुपर्छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रधानमन्त्री शाह न्यूयोर्कमा

रासस
काठमाडौं, ७ असोज

प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यहाँ आइपुग्नुभएको छ।

प्रधानमन्त्री शाहलाई जेएफके अन्तरराष्ट्रिय विमानस्थलमा परराष्ट्रमन्त्री शिशिर खनाल, परराष्ट्रसचिव अमृतबहादुर राई, राष्ट्रसङ्घका लागि स्थायी नियोग प्रमुख राजदूत लोकबहादुर थापाले स्वागत गर्नुभयो।

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेससँग शिष्टाचार भेटघाट गर्नुहुने कार्यक्रम छ । उहाँ न्यूयोर्कस्थित नेपाली नियोगले आयोजना गर्ने स्वागत समारोहमा पनि सरिक हुनुहुने छ । प्रधानमन्त्री शाहले बिहीबार अपराह्न महासभालाई सम्बोधन गर्नुहुने कार्यक्रम छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



म्याग्दी जिल्ला साविक राम्चे गा.वि.स. वडा नं. ३ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ८ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५३४५१८८A, NK फस बहादुर पुनको श्रीमती तेलमाया पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तेलमाया गर्बुजा साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर तेलमाया पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ८ नं. वडा कार्यालयको च.नं. १३२, मिति २०८३/०५/२४ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



तनहुँ जिल्ला गण्डकी प्रदेश शुक्लागण्डकी नगरपालिका वडा नं. १० बस्ने भारतीय भू.पु.सै.नं. ५८४४७७७M दर्जा टिएस नायक पल्टन ३/९ जि.आर. का चन्द्र बहादुर चन्दको श्रीमतीको नेपाली नागरिकताको प्रमाण-पत्रमा नामथर बुममाया थापा जन्म वर्ष २०४६-०१-२४ मा ३१ उल्लेख भएको तथा निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर कृष्ण कुमारी चन्द जन्म मिति सन् १९६३/११/१८ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं.-१० को वडा कार्यालयको च.नं. १८६ मिति २०८३/०५/०९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ

## एउटै व्यक्ति भएको सूचना



तनहुँ जिल्ला गण्डकी प्रदेश साविक भानुमति गा.वि.स. वडा नं. ०८, हाल भिमाद नगरपालिका वडा नं. ९ निवासी भारतीय भू.पु.सै.नं. ५४४९०१५ भारतीय दर्जा नायक १/५ जि.आर. का कुल बहादुर थापा भन्ने कुलमान थापाको श्रीमती चोकमाया थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर चोकमाया थापा (Chok Maya Thapa), जन्म मिति वि.स. २०१९/०४/१६ (सन् 31/07/1962) भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर Chhok Maya Thapa (छोक माया थापा) जन्म मिति सन् 19/1982 (२०३९ मा वर्ष १९) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी भिमाद नगरपालिका वडा नं. ९ को वडा कार्यालयको च.नं. २०२ मिति २०८३/०६/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ

## सार्वजनिक सूचना

पर्वत जिल्ला लेखफाँट-९ बस्ने तल कुमार फकामी मगरको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. २१९२ को क्षेत्रफल १७८.८३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. २१९३, २१९४ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


# बाग्लुङमा वैदेशिक रोजगारसम्बन्धी परामर्श

पोखरापत्र संवाददाता
बागलुङ, ७ असोज

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि बाग्लुङमा स्थानीय तहबाटै परामर्श सेवा सुरु गरिएको छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बागलुङमा उच्च रहेको छ।

उनीहरूलाई वैदेशिक रोजगारीका बारेका आवश्यक जानकारी, सीपमूलक तालिम, वित्तीय साक्षरता, रोजगारीका क्रममा आउन सक्ने समस्या समाधान लगायतका सेवा प्रदान गरिएको हो । आर्थिक वर्ष २०८२/८३ मा बागलुङमा वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न सेवा तथा सीपमूलक कार्यक्रम र तालिममार्फत १६ हजार ४३१ लाभान्वित भएका छन् ।

जिल्ला प्रशासन कार्यालय बागलुङ तथा इलाका प्रशासन कार्यालय बुर्तिबाङ, सामुदायिक सिकाइ केन्द्र र स्थानीय तहसँगको समन्वयमा सूचना तथा परामर्श सेवा अगाडि बढाइएको हो। कार्यक्रममा राहदानी वितरणसम्बन्धी सहजीकरण, रोजगारीमा देखिएको समस्याको पहिचान, अभिमुखीकरण तथा न्यायमा पहुँचसम्बन्धी सेवा प्रदान गरिएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका जिल्ला संयोजक मीन उपाध्यायले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयबाट सूचना तथा परामर्श सेवा लिनेको सङ्ख्या छ हजार ३५६ रहेको छ । त्यस्तै, इलाका प्रशासन कार्यालयबाट दुई हजार ६०१ जनाले वैदेशिक रोजगारीसम्बन्धी जानकारी लिएका छन् । वैदेशिक रोजगारीमा गएका परिवारका २१० जनालाई वित्तीय साक्षरतासम्बन्धी जानकारी गराइएको छ।


## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा आँधीखोला गाउँपालिका वडा नं ०५ निवासी भारतीय भू.पू. सैनिक नं 14500162 Hony NB Sub दिपक बहादुर खत्रीको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १७७ मिति २०८३/०६/०५ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्ममिति | सैनिक अभिलेखमा जन्ममिति |
|---|---|---|---|---|---|
| १ | देउरुपा के.सी. | देवी कुमारी (Devi Kumari) | श्रीमती | २०१२/०१/०४ 17-04-1955 A.D | २०१०/०७/१८ 03-11-1953 AD |

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगर पालिका वडा नं. १४ साविक नारायणस्थान गा.वि.स। वडा नं. ३ निवासी भारतीय भु.पु. नं. 5845324N का नायक (TS) पुर्ण बहादुर खडकाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर सुनिता देवी खडका, जन्म मिति वि.सं. २०२४/०८/०२, ई.सं. १९६७ /११/१८ भएको र भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर सुनिता देवी, जन्म मिति वि.सं. २०२४/०८/०८, ई.सं. १९६७/११/२४ भई फरक परेता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १४ नं. वडा कार्यालय, बागलुङको च.नं. ११८, मिति २०८३/०५/११ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी


# मनास्लु हिमालमा मृत्यु भएका दुईको शव काठमाडौंमा

रासस
गोरखा, ७ असोज

मनास्लुको हिउँपहिरोमा पुरिएर मृत्यु भएका दुई व्यक्तिको शव काठमाडौँ लगिएको छ।

मनास्लुको फेदीमा रहेको चुमनुब्री-१ सामागाउँबाट बुधबार बिहान हेलिकप्टरमार्फत काठमाडौँ लगिएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ। भारतीय मूलका जर्मन नागरिक ध्रुवज्योति गुहा र उनका सहयोगी मकालु-२, सङ्खुवासभाका फुर्सेम्बा शेर्पाको गत आइतबार राति तेस्रो शिविरमा हिमपहिरोमा पुरिएर मृत्यु भएको थियो।

घटना भएको तीन दिनपछि उहाँहरूको शव मङ्गलबार सामागाउँ पुऱ्याइएको थियो । सो स्थानबाट बुधबार बिहानै महाराजगञ्जस्थित शिक्षण अस्पतालमा लगिएको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँहरू मकालु एड्भेन्चर कम्पनी प्रालिबाट मनास्लु आरोहणका लागि जानुभएको थियो । यससँगै मनास्लुमा मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ। यसअघि सिङ्गापुरका आरोही ५० वर्षका लाउवी सेङको पनि दोस्रो शिविरमा मृत्यू भएको थियो।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. २ निवासी भारतीय भु.पु. सै. नं. 5343541 H NK/TS का टेक बहादुर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर डिलमाया थापा भएको र भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर डिल माया भई फरक परेता पनि उल्लेखित दुई नाम थर भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका १० नं. वडा कार्यालय, बागलुङको च.नं. २८९, मिति २०८३/०६/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिद्धार्थनगर, रुपन्देही

## एउटै व्यक्ति भएको सूचना

जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ११ बस्ने भारतीय भु.पु. सैनिक नं. ०५७५३८७७K 7/8 GR हवल्दार पदका पेन्सनर झमान सिं रानाले पारिवारिक विवरण सिफारिस गरिपाउँ भनि निवेदन पेश गर्नुभएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ८२३, मिति २०८३/०५/०८ को सिफारिसबाट पेन्सनरको तपसिल बमोजिमको पारिवारिक विवरण रहेको भनी लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि सिफारिस गरिएको छ।

| क्र.स. | नामथर | नाता | जन्म मिति | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | झमान सिं राना | पेन्सनर | २०३२/११/०९ | २०५५/०५/०३ मा विवाह | जिवित |
| २ | अनिता राना | पत्नी | २०३७/०४/१८ | २०५५/०५/०३ मा विवाह | जिवित |
| ३ | झरना राना | छोरी | २०५८/१०/०९ | अविवाहित | जिवित |
| ४ | आशिष राना | छोरा | २०६२/१२/०५ | अविवाहित | जिवित |



प्रमुख जिल्ला अधिकारी

# धितोमा रहेको चल /अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/०८**

तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट प्राप्त गर्नु भएको कर्जाको ऋणीले यस संस्थासँग गरेको सम्झौता बमोजिम बुझाउनुपर्ने सावाँ, ब्याज र अन्य दस्तुर संस्थामा नतिरे नबुझाएको हुँदा उल्लेखित रकम ऋणीहरुलाई पटक पटक लिखत तथा मौखिक रुपमा तरताकेता गर्दा समेत नतिरि सम्झौता उल्लङ्घन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी समाधान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/०१ गते कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना र मिति २०८३/०४/१० गते पोखरा पत्र राष्ट्रिय दैनिकमा धितो लिलाम बारे १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण सावाँ ब्याज तथा हर्जना भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुँदा मिति २०८३/०५/०३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गर्दा सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुनाले सहकारी ऐन २०७४ एवम् नियमावली २०७५ यस संस्थाको विनियम र प्रचलित सहकारी मापदण्ड, निति, नियम, कानुन अनुसार समेतले दिइएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण बापत लेखिदिइको तपसीलमा उल्लेखीत जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गरीने भएकोले सो लिलाम प्रक्रियामा गोप्य शिलबन्दी गरी लिन इच्छुक महानुभावहरुलाई जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सावाँ र ब्याज हर्जना दै-दस्तुर समेत तिरी कर्जा चुक्ता गरी धितो फुकुवा गरी लान ऋणीहरुलाई यो अन्तिम अवसर दिइएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सम्पूर्ण सावाँ, ब्याज हर्जना शुल्क तथा दै-दस्तुर आदि असुल उपर नभएमा ऋणी तथा जमानत कर्तालाई कालो सूचिमा राखी निजहरुको अन्य जायजेथाबाट तथा घरानाबाट समेत असुल उपर गरीनेछ। **तपसील**

| सि.नं | ऋणीको विवरण | ऋणीको फोटो | धन जमानीको विवरण | धन जमानीको फोटो |
|---|---|---|---|---|
| १ | **ऋणीको नामः**<br>**ज्ञानु कामी**<br>ना.प्र.नं. : ९४०१७, कास्की<br>स्थायी ठेगाना :<br>धम्पुस गा.बि.स.-०८, कास्की<br>अस्थायी ठेगाना :<br>पो.म.न.पा.-२५, हेम्जा, कास्की<br>बुबाको नामः सन्ते कामी<br>पतिको नाम : हमाल कामी<br>उद्देश्य : घर जग्गा कर्जा<br>पंचकृत मुल्य :<br>रु. १८,००,००० /– |  | १. **नामः फुलमाया विश्वकर्मा**<br>ना.प्र.नं. :४६-०१-७१-०७४५१, कास्की<br>स्थायी ठेगाना : धम्पुस गा.बि.स.-०९, कास्की<br>अस्थायी ठेगाना : धम्पुस गा.बि.स. -०९, कास्की<br>बुबाको नामः टिका राम सुनार<br>पतिको नाम : खुसीमान विश्वकर्मा<br>२. **नामः कमला क्षेत्री**<br>ना.प्र.नं.: ४४१ , पर्बत<br>स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत<br>अस्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत<br>बुबाको नामः चित्र बहादुर कार्की<br>बाजेको नाम : भद्र बहादुर क्षेत्री | <br> |

**धितोको विवरण**: ऋणी ज्ञानु कामीका नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको-गर्लाङ छहरेपानी गा.वि.स-०३, कास्कीको कि.नं. ६९४ क्षेत्रफल १-८-१-१ (७७३.०० व.मि.) जग्गा

| | | | | |
|---|---|---|---|---|
| २ | **ऋणीको नामः**<br>**तुल बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. : २९० ग.का.स., कास्की<br>स्थायी ठेगाना : साबिक कास्की, सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बुबाको नाम : लिल बहादुर विश्वकर्मा<br>बाजेको नाम : ध्वजे<br>उद्देश्य : घर जग्गा कर्जा<br>पंचकृत मुल्य :<br>रु. ८,००,००० /– |  | १. **नाम : लोक बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. :<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हालः पो.म.न.पा. १८, कास्की<br>बुबाको नामः तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>२. **धनजमानी दिने नाम : अर्जुन विश्वकर्मा**<br>ना.प्र.नं. : ४६-०१-७१-००४३६<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगानाः पो.म.न.पा. १८, कास्की<br>बाबुको नामः रण बहादुर विश्वकर्मा<br>बाजेको नाम : तुल बहादुर विश्वकर्मा<br>३. **नाम : लक्ष्मी विश्वकर्मा**<br>ना.प्र.नं. : १४४३५१<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगानाः पो.म.न.पा. १८, कास्की<br>बुबाको नामः सुन्तले विश्वकर्मा<br>पतिको नाम : रण बहादुर विश्वकर्मा | <br> |

**धितोको विवरण**: ऋणी तुल बहादुर विश्वकर्माका नाउँमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-साबिक पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्कीमा रहेको कि.नं. ९६, क्षेत्रफल ०-२-०-१ र कि.नं. २०१, क्षेत्रफल ०-४-०-१

| | | | | |
|---|---|---|---|---|
| ३ | **ऋणीको नाम :**<br>**रण बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. : ४८७<br>स्थायी ठेगाना : साबिक कास्की सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम : तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>उद्देश्य : घर जग्गा कर्जा<br>पंचकृत मुल्य :<br>रु. ६,५०,००० /– |  | १. **नाम : लोक बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. :<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नामः तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>२. **नाम : अर्जुन विश्वकर्मा**<br>ना.प्र.नं. : ४६-०१-७१-००४३६<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नामः रण बहादुर विश्वकर्मा<br>बाजेको नाम : तुल बहादुर विश्वकर्मा<br>३. **नाम : लक्ष्मी विश्वकर्मा**<br>ना.प्र.नं. : १४४३५१<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नामः सुन्तले विश्वकर्मा<br>पतिको नाम : रण बहादुर विश्वकर्मा | <br> |

**धितोको विवरण**: ऋणी रण बहादुर विश्वकर्मा का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्की मा रहेको कि.नं. २७४, क्षेत्रफल ०-८-२-१ र कि.नं. २०४, क्षेत्रफल ०-१-२-०

| | | | | |
|---|---|---|---|---|
| ४ | **ऋणीको नाम : रसिला सुनार**<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना :पिप्ले -४, म्याग्दी<br>अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की<br>पतिको नाम :शुक बहादुर बि.क.<br>उद्देश्य : ब्यापार कर्जा<br>पंचकृत मुल्य :<br>रु. ७,५०,००० /– |  | १. **नाम : श्रीमती हेमा घताने**<br>ना.प्र.नं.: २७१/६०९६०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लभ्ली हिल, पो.म.न.पा.-५, कास्की<br>बाबुको नामः हरीलाल रामदास<br>पतिको नाम : राजु घताने<br>२. **नाम : शुक बहादुर बि.क.**<br>ना.प्र.नं. १७/१९१११६३२ मुस्ताङ<br>स्थायी ठेगाना : घमि गा.वि.स.०३, मुस्ताङ<br>अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की<br>बुबाको नामः रमेश विश्वकर्मा | <br> |

**धितोको विवरण**:ऋणी रसिला सुनारका नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेको जग्गा - कास्की अर्मला ०२ मा रहेको कि.नं. ८६०,क्षेत्रफल ०-७-१-१

| | | | | |
|---|---|---|---|---|
| ५ | **ऋणीको नाम :**<br>**श्रीमती हेमा घताने**<br>ना.प्र.नं. : २७१/६०९६०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लभ्ली हिल, पोखरा-५,<br>बाबुको नामः हरीलाल रामदास<br>पतिको नाम : राजु घताने<br>उद्देश्य : ब्यापार कर्जा<br>पंचकृत मुल्य :<br>रु. ९,५०,००० /– |  | १. **नाम : राजु घताने**<br>ना.प्र.नं ६९९११४४, मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लभ्ली हिल, पो.म.न.पा.-५,कास्की<br>बुबाको नाम : रण बहादुर घताने<br>बाजेको नाम : कर्ण सिंह घताने<br>२. **नाम : रसिला सुनार**<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना : पिप्ले -४, म्याग्दी<br>अस्थायी ठेगाना : पोखरा-२, बाग्लुङ बसपार्क, कास्की<br>पतिको नाम : शुक बहादुर बि.क. | <br> |

**धितोको विवरण**: ऋणी श्रीमती हेमा घताने का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गा-अर्मला ०२ मा रहेको कि.नं. ८५९, क्षेत्रफल ०-१०-०-०

| | | | | |
|---|---|---|---|---|
| ६ | **ऋणीको नाम : दुर्गा परियार**<br>ना.प्र.नं. २१०८, चितवन<br>स्थायी ठेगाना : कल्याणपुर गा.बि.स-०१, चितवन<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की<br>पतिको नामः सन्त बहादुर परियार<br>बाजेको नाम : गुने<br>उद्देश्य : घर जग्गा कर्जा<br>पंचकृत मुल्य :<br>रु.७०,००,००० /– |  | १. **नाम : सन्त बहादुर परियार**<br>ना.प्र.नं. ४२७६१८२९, चितवन<br>स्थायी ठेगाना : कल्याणपुर,-०१ चितबन<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की<br>बुबाको नामः गुने<br>बाजेको नाम : अतिराम परियार<br>२. **नाम : किसाने दमै**<br>स्थायी ठेगाना : पोखरा-०६, कास्की<br>अस्थायी ठेगाना : पोखरा -०६, कास्की<br>बुबाको नामः चमारे दमै<br>बाजेको नाम : कैले दमै |  |

**धितोको विवरण**: ऋणी दुर्गा परियार का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु- ग्यारजाती-०४,कास्की हाल पोखरा म.न.पा. १८, कास्की कि.नं. ७३९, ८३३, क्षेत्रफल ०-७-०-२, र ०-२-२-०

| | | | | |
|---|---|---|---|---|
| ७ | **ऋणीको नामः कमला क्षेत्री**<br>ना.प्र.नं. :४४१, पर्बत<br>स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत<br>अस्थायी ठेगाना : पो.म.न.पा.-५,कास्की<br>पतिको नाम : भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>उद्देश्य : ब्यापार कर्जा<br>पंचकृत मुल्य :<br>रु.३०,००,००० /– |  | १. **नाम : अन्जान क्षेत्री**<br>ना.प्र.नं. ५१-०१-७८-००५४१, पर्बत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्बत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नामः भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>२. **धनजमानी दिने नाम : अजित क्षेत्री**<br>ना.प्र.नं. ५१-०१-७३-०४०२५, पर्वत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्वत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नामः भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>३. **नाम : भद्र बहादुर क्षेत्री**<br>ना.प्र.नं. ३५५६, पर्बत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्बत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नामः टिकाराम क्षेत्री<br>बाजेको नाम : हरी राम क्षेत्री | <br> |

**धितोको विवरण**: ऋणी कमला क्षेत्री का नाउमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको जग्गा - कास्कीकोट ०७, कास्की हाल पो.म.न.पा. १८ कास्की को कि.न ३६५७ क्षेत्रफल ३-०-०-०,

| | | | | |
|---|---|---|---|---|
| ८ | **ऋणीको नाम :**<br>**यम प्रसाद कंडेल**<br>ना.प्र.नं. :१८८६२,कास्की<br>स्थायी ठेगाना : चापाकोट गाबिस-०६, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की<br>बुबाको नाम : बिद्यापति कंडेल<br>बाजेको नाम : चिन्तामणी कंडेल<br>उद्देश्य : घर जग्गा कर्जा<br>पंचकृत मुल्य :<br>रु.३२,००,००० /– |  | १.**नाम : डिलमाया कंडेल**<br>ना.प्र.नं. :२४८१५ कास्की<br>स्थायी ठेगाना : चापाकोट गा.बि.स.-०६, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की<br>पतिको नाम : यम प्रसाद कंडेल<br>बाजेको नामः बिद्यापति कंडेल |  |

**धितोको विवरण**: ऋणी यम प्रसाद कंडेल का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु - चापाकोट गा.वि.स-०६, कास्कीका कि.न १३०५ क्षेत्रफल ०-४-३-० (१५१.०१ व.मि.), कि.न १३०१ क्षेत्रफल २-८-०-० (१२७१.८० व.मि.), कि.न १३२८ क्षेत्रफल ०-६-०-० (१९०.७४ व.मि.), कि.न १३१० क्षेत्रफल ०-३-२-० (१११.२७ व.मि.) कि.न १३२५ क्षेत्रफल ०-११-०-० (३४९.६९ व.मि.), कि.न १३१४ क्षेत्रफल ०-८-०-० (२५४.३२ व.मि.), कि.न १३२० क्षेत्रफल ०-१०-०-० (३१७.९० व.मि.)

**लिलाम विक्रिको शर्त तथा बन्देजहरु**

१ पंचकृत मूल्य सहितको बोलपत्र फारम यस सहकारीको कार्यलयबाट रु ५००।- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिन्छ।

२ शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सहकारीको कार्यालय पो.म.न.पा.६, नारेश्वरमा पेश गनुपर्ने छ।

३. उक्त सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ।

४. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजात हेर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस सहकारी को कर्जा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

५. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रमक अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।

६. आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय बाणिज्य बैक लि. शाखा कार्यालय लेकसाइड मा रहेको यस संस्था को खाता नं.३५५०१००००००८१००१ मा रमक जम्मा गरी सक्कल भौचर वा मान्यता प्राप्त बैक तथा बित्तीय संस्थाको सटही हुने चेक शिलबन्दी बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ।

७. बोलपत्र गोप्य शिलबन्दी खोलिने मिति २०८३ असोज महिना २३ गते शुक्रबारका दिन दिउँसो ३ बजे संस्थाको सभाहलमा खोलिने छ सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ।

८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले धरौटी बाहेकको सम्पूर्ण रकम तोकिएको समयभित्र सहकारी मा बुझाई बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ । तोकिएको समयभित्र रमक जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ।

९. शिलबन्दी बोलपत्र सहकारीको कार्यालय पो.म.न.पा.६, नारेश्वर उपस्थित सरकारी, प्रतिनिधिहरु, बोलपत्रदाता वा निजका प्रतिनिधिको रोबहरमा खोलिने छ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्र कर्ता वा निजको प्रतिनिधिको अनुपस्थित रहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

१०. कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

११. बोलपत्रकर्ता ब्यक्ति भए नागरीकता प्रमाणपत्रको प्रतिलीपी र फर्म /कम्पनी/ संस्था भएमा संस्था दर्ताको प्रमाण पत्र, पान दर्ता र करचुक्ता पत्रको प्रतिलीपी बोलपत्रसंगै पेश गर्नुपर्नेछ।

१२. बोलपत्र सदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरि धरौटी रकम फिर्ता दिईनेछ। धरौटी रहेको रमक फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरिने छैन।

१३. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरिने छैन।

१४. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६५ तथा संस्थाको कर्जा असुली निति अनुसार कसैले पनि लिलाम नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफै धितो सकार गरी स्वामित्व आफुमा लिन सक्नेछ वा पुनः लिलाम प्रक्रियामा जानसक्ने छ।

१५. लिलाम सकार गरेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सरकारी दस्तुर, राजश्व तथा अन्य दस्तुर लिलाम सकार गर्ने व्यक्ति वा पाटी आफैले व्यहोर्नु पर्नेछ।

१६. धितो लिलामका बारेमा अन्य आवश्यक कुराहरु बुझनु परेमा संस्थामा कार्यालय समयमा सम्पर्क गरी बुझन सकिनेछ।

## उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका-६, नारेश्वर, बसन्त बैठक, कास्की

फोन: ०६१-४५१३९२, ४५४६६३